# एक स्थानीय तह एक खेलमैदान/रङ्गशाला निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७६

**प्रस्तावनाः**

खेलाडी, खेल प्रशिक्षक, महिला, बालबालिका, युवाको खेलकुदको माध्यमवाट शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक विकासका लागि गाउँपालिकामा खेल मैदान र नगरपालिकामा रङ्गशाला निर्माण गरी खेलकुद विकासका पूर्वाधार तयार गर्ने बार्षिक कार्यक्रम तथा बजेट कार्यान्वयन गर्न आवश्यक भएकोले प्रदेश सरकार, मन्त्रीपरिषद्, गण्डकी प्रदेशबाट एक स्थानीय तह एक खेल मैदान निर्माणका लागि अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७६ स्वीकृत गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम “एक स्थानीय तह एक खेल मैदान/रङ्गशाला निर्माण सम्बन्धी कार्यविधि, २०७६” रहेको छ ।

२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि गण्डकी प्रदेशभर प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "मन्त्रालय"** भन्नाले सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

**(ख) "सचिव"** भन्नाले मन्त्रालयको सचिव सम्झनु पर्दछ ।

**(ग) "स्थानीय तह"** भन्नाले गण्डकी प्रदेश अन्तर्गतका गाउँपालिका र नगरपालिकाहरुलाई सम्झनु पर्दछ ।

३. **प्रस्ताव आव्हान गर्नेः** १) एक स्थानीय तह एक खेल मैदान/रंगशाला निर्माणका लागि अनुदान उपलब्ध गराउने कार्यक्रमका लागि कम्तीमा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गरिनेछ ।

२) उपदफा १) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट र विद्युतीय माध्यममा प्रकाशन गरिनेछ ।

४. **प्रस्ताव पेश गर्नेः** १) स्थानीय तहमा खेल मैदान वा रङ्गशालाको निर्माणका लागि अनुसूची- १ बमोजिमको ढाँचामा कार्यक्रम प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

२) प्रस्ताव साथ देहायका कागजातहरु समेत पेश गर्नुपर्नेछ ।

क) स्था नीय तहको माग/निवेदन,

ख) स्थानीय तहको लागत साझेदारीसम्बन्धी पत्र

ग) योजनाको अनुमानित लागत इष्टि मेट

निर्माण कार्यका लागि आवश्यक डिजाइन, लागत अनुमान र स्पेशिफिकेशन सहितको नगरपालिका/गाउँपालिकाबाट स्वीकृत अनुमानित लागत इष्टिमेट/विस्तृत परियोजना प्रतिवेदन)

घ) खेल मैदान/रंगशाला निर्माण हुने स्थानको जग्गाधनी प्रमाणपत्र वा स्थानीय तहको भोगाधिकार सम्बन्धी पत्र ।

५. **प्रस्ताव छनौटको आधारः** स्थानीय तहमा खेल मैदान र रङ्गशाला निर्माणका लागि अनुदान उपलव्ध गराउन अनुसूची -२ बमोजिमका आधारहरु अवलम्बन गरिनेछ ।

**६. प्रस्तावको छनौट र स्वीकृतिः** १) दफा ४(१) बमोजिम प्राप्त हुन आएका प्रस्तावहरुको छनौट गर्न मन्त्रालयमा देहाय बमोजिमको एक समिति रहनेछ ।

| | |
|---|---|
| क) युवा तथा खेलकुद महाशाखा प्रमुख | - संयोजक |
| ख) आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रतिनिधि | - सदस्य |
| ग ) सम्बन्धित क्षेत्रको विज्ञ १ जना | - सदस्य |
| घ) पश्चिमाञ्चल खेलकुद विकास समितिको प्रतिनिधि | - सदस्य |
| ङ) मन्त्रालयको युवा तथा खेलकुद शाखाको अधिकृत | - सदस्य सचिव |

२) छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्न सक्नेछ ।

३) खर्च गर्ने अख्तियारी दिनुभन्दा अघि सामाजिक विकास मन्त्रालयले निर्माण स्थलको स्थलगत अनुगमन/निरीक्षण गरी कार्यक्रम सञ्चालन हुनसक्ने सुनिश्चितता सम्बन्धी प्रतिवेदन लिन सक्नेछ ।

४) छनौट समितिमा प्राप्त भएका प्रस्तावहरुलाई सात दिनभित्र अनुसूची-२ मा उल्लेखित आधार बमोजिम मूल्याङ्कन गरी स्वीकृतिका लागि सचिव समक्ष पेश गर्नेछ ।

५) उपदफा ३ ) बमोजिम स्वीकृत भएका प्रस्तावहरुको सूची मन्त्रालयको वेवसाइट मार्फत् सार्वजनिक गरिनेछ।

**७. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्झौताः** १) स्वीकृत कार्यक्रमहरुको कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहले निर्माणसम्बन्धी कार्य गर्ने समिति/संस्था/निर्माण व्यवसायीसँग १५ दिन भित्र सम्झौता गरिसक्नु पर्नेछ ।

२) उपदफा १) बमोजिम को सम्झौतामा अन्य कुराको अतिरिक्त कार्यक्रम कार्यान्वयन अवधि र स्थानीय तहले आवश्यक ठानेका शर्तहरु उल्लेख गर्न सक्नेछ ।

३) कार्यक्रम सम्झौताको ढाँचा अनुसूची - ३ बमोजिम हुनेछ ।

४) दफा ६ को उपदफा ३ ) बमोजिम कार्यक्रम स्वीकृत भए पश्चात् निर्णय भएबमोजिमको अनुदान रकमको अख्तियारी सम्बन्धित स्थानीय तहलाई दिइनेछ ।

**८. कार्यक्रम सञ्चालनः** १) कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि सम्बन्धित समिति/संस्था/निर्माण व्यवसायीले जतिसक्दो छिटो कार्यारम्भ गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहले लागत इष्टिमेट वा विस्तृत परियोजना प्रतिवेदनका आधारमा कार्ययोजना तयार गरी सोही आधारमा कार्य सञ्चालन गर्नुपर्नेछ ।

२) उपदफा १) बमोजिम कार्या रम्भ भएपछि सम्बन्धित स्थानीय तहले सो को जानकारी मन्त्रालयलाई दिनु पर्नेछ ।

३) सम्बन्धित निर्माण कार्य सम्पन्न भएपश्चात सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

४ ) कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्न तपसिलको सहजीकरण समिति रहने छः

क) सम्बन्धित स्था नीय तहको खेलमैदान रहेको वडाको वडाध्यक्ष -संयोजक

ख) स्थानीय तहको सम्बन्धित वडाको वडा सदस्य -सदस्य

ग) सम्बन्धित स्थानीय तहको खेलकुद हेर्ने शाखाको कर्मचारी -सदस्य

५) निर्माण कार्यको जिम्मा लिएको समिति/संस्था/निर्माण व्यवसायीले कार्य सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा वा रकमको दुरुपयोग गरेको पाईएमा स्थानीय तह वा सम्बन्धित निकायले प्रचलित कानुन बमोजिम कारवाही गर्न सक्नेछ ।

९. **कार्यक्रम अनुगमनः** १) कार्यक्रमको अनुगमन मन्त्रालय तथा स्थानीय तहले गर्नेछ ।कार्यक्रम अनुगमन प्रतिवेदन फारामको ढाँचा अनुसूची - ४ बमोजिम हुनेछ ।

२ ) अनुगमनको सिलसिलामा दिइएका निर्देशन एवं सुझावहरु पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने स्थानीय तह र सम्बन्धित समिति/संस्था/निर्माण व्यवसायीको हुनेछ ।

३) कार्य सम्पन्न प्रतिवेदनको ढाँचा अनुसूची - ५ बमोजिम हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउ तथा संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा वा संशोधन एवम् हेरफेर गर्न आवश्यक परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन वा संशोधन गर्न सक्नेछ ।

११. **खारेजी र बचाउः** एक स्थानीय तह एक खेलमैदान निर्माणका लागि पुँजीगत अनुदान गराउने सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।साथै यस अगाडि भए गरेका कार्यहरू यसै कार्यबिधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची -२

## दफा ५ सँगअनुसूची -१

## दफा ४ १) सँग सम्बन्धित)

## *एक स्थानीय तह एक खेल मैदान/रङ्गशाला निर्माण कार्यक्रम प्रस्ताव*

**१. स्थानीय तहको विवरणः**

क) नाम र ठेगानाः.........................................................................

ख) फोन नः .......................... मोबाईल नं. .......................... ईमेलः ..............................

**२. कार्यक्रमको संक्षिप्त विवरण**

क) कार्यक्रमको नामः .......................................................

ख) आवश्यक पर्ने कूल रकम रु. ............................ (अक्षरमा.....................................)

ग) मन्त्रालयसँग माग गरिएको रकम रूः .......................

घ) आर्थिक सहायता गर्ने अन्य निकायहरू र सहयोग रकमः .......................

ङ) कार्यक्रम सम्पन्न हुने मितिः .........................

**३. कार्यक्रमको प्रस्ताव**

क) कार्यक्रमको पृष्ठभूमिः .......................... ................ .................. ................................ .............. .............. ...... ..........................................................................................

ग) कार्यक्रमको उद्देश्यः क) .......................... ................ ..................

ख) .............................. ............. ..............

ग) ...... .................................................................

ङ) खेलमैदानको हालको स्थानको अवस्थाः .......................... ................ .................. ................................ .............. .............. ...... ..................................................................................

च) निर्माण/सम्पन्न गर्नुपर्ने कार्यहरुः .... .......... ............ ...... .......... ...... .... ......... ......... .......... ............. .............. .............. ...... .................. .............. .......... ........ ....... ........... ......... .......

छ) अपेक्षित उपलब्धिः .......................... ................ .................. .............. ....... ... ....... .............. .............. ...... .......... .................... .......................... .............. .............

**४. बैंकको नामः** **खाता नं.......................** ....................

**५. आवश्यक कागजातहरुः**

क) स्थानीय तहको लागत साझेदारीसम्बन्धी पत्र

ख) योजनाको अनुमानित लागत इष्टिमेट/विस्तृत परियोजना प्रतिवेदन

ग) खेल मैदान/रंगशाला निर्माण हुने स्थानको जग्गाधनी प्रमाणपत्र वा स्थानीय तहको हक भोग सम्बन्धी पत्र ।

प्रस्ताव पेश गर्ने स्थानीय तहको तर्फबाट

नामः हस्ताक्षरः

पदः मितिः

स्थानीय तहको छापः                                        सम्पर्क नः

**सम्बन्धित)**

## एक स्थानीय तह एक खेल मैदान/रङ्गशाला निर्माण कार्यक्रम छनौटका आधारहरु

| क.सं | सूचक | प्रासाङ्क | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | खेल मैदानसम्बन्धी पूर्वाधार नभएको | २५ | | |
| २ | बहुउपयोगी खेल मैदान | २० | | कुनै एक खेलका लागि १०, प्रति थप खेलका लागि ५ अंकका दरले |
| ३ | लागत साझेदारीको सुनिश्चितता | १५ | | |
| ४ | लागत इष्टिमेट सहितको कार्ययोजना | १० | | |
| ५ | आफ्नै जग्गा प्रमाण पुर्जा वा हक भोग अधिकार सम्बन्धी कागजात | २० | | |
| ६ | खेल मैदानको निरन्तर उपयोग तथा संरक्षणको सुनिश्चितता | १० | | |
| | जम्मा | १०० | | |

नोटः कुल अंक मध्ये ४० अंक वा सो भन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव छनौट समितिले योग्यता सूचीका आधारमा स्वीकृतीका लागि सिफारिस गर्नेछ ।

## अनुसूची -३

दफा ७ ३) सँग सम्बन्धित)

........................नगरपालिका/गाउँपालिका

................., गण्डकी प्रदेश,

............................ नगरपालिका/गाउँपालिका र ...................... ...समिति/संस्था/निर्माण व्यवसायीका बीचमा भएको रंगशाला/खेलमैदान निर्माण सम्बन्धी सम्झौताको ढाँचा

गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयको आ.व. २०७६/०७७ को बार्षिक कार्यक्रम अन्तरगत नगरपालिका/गाउँपालिकासँगको सहकार्यमा निर्माण हुने रंगशाला सम्बन्धी कार्यक्रम बमोजिम .............................. नगरपालिका/गाउँपालिकाको वडा नं ........ मा रंगशाला/ खेलमैदान निर्माण कार्यक्रम सम्पन्न गर्न निर्माण कार्यको जिम्मा लिएको ............................ समिति/संस्था/निर्माण व्यवसायी र ........................ नगरपालिका/गाउँपालिका निम्नानुसार गर्न मन्जुर भई यो सम्झौता गरिएको छ ।

क) कार्यक्रमको विवरण

१. कार्यक्रमको नामः ............................

२. ठेगानाः ..........................................

३. कार्यक्रम कार्यान्वयन हुने स्थलः ................................

४. कार्यक्रमको उद्देश्यः ........................... ..................... ....................

५. कार्यक्रम सुरु हुने मितिः ...................

६. कार्यक्रम सम्पन्न हुने मितिः .................

ख) कार्यक्रमको लागत

१. कार्यक्रमको कूल लागत रुः.................। अक्षरेपी................................) मात्र

२. लागत व्यहोर्ने स्रोतहरूः

२.१. सामाजिक विकास मन्त्रालयः रु................ .....................

२.२. स्थानीय तहः रु........................

२.३. अन्य स्रोतबाटः रु ................

ग) कार्यक्रम कार्यान्वयन गर्दा सम्पन्न गरिने मुख्य कार्यहरु र अनुमानित लागतको विवरणः

| सि.नं. | मुख्य कार्यहरु | परिमाण | अनुमानित लागत | सम्पन्न गर्न लाग्ने समय | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

घ) कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

१. यस सम्झौता बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तह तथा निर्माण कार्य गर्ने समिति/संस्था/निर्माण व्यवसायीले सार्वजनिक खरिद कानुनको पालना गर्नुपर्ने छ ।

माथि उल्लेखित व्यवस्था र शर्त अनुसार आयोजना कार्यान्वयन गर्न गराउन हामी निम्न पक्षहरू मन्जुर गर्दछौं ।

<u>समिति/संस्था/निर्माण व्यवसायीको तर्फबाट</u>

दस्तखतः

नाम थरः ..................

पदः .......................

सम्पर्क नः ......................

छापः

मितिः

<u>स्थानीय तहको तर्फबाट</u>

दस्तखतः

नाम थरः

पदः

छापः

मितिः

**रोहवरः**

दस्तखत

नामः

पदः

दस्तखत

नामः

पदः

## अनुसूची -४

## दफा ९ १) सँग सम्बन्धित)

## कार्यक्रम अनुगमन प्रतिवेदनको ढाँचा

क) स्थानीय तहको नाम र ठेगानाः

ख) कार्यक्रमको नामः ...................... ठेगानाः .......................................

ग) बजेट रकम, सामाजिक विकास मन्त्रालयबाटः रु ................ .......

स्थानीय तहबाटः रु ....................

अन्य स्रोतबाटः रु ................

घ) उपलब्ध गराइएको मितिः

ङ) कार्यक्रम शुरु मितिः सम्पन्न मितिः

च) कार्यक्रम प्रगति सम्बन्धी विवरणः

छ) कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या, समाधानका उपाय र गरिएका प्रयासहरुः

ज) सुझावहरुः

झ) कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तह/ निर्माण समिति/संस्था/निर्माण व्यवसायीको राय प्रतिक्रियाः

ञ) अनुगमनकर्ताको रायः

ट) स्थानीय तह/ निर्माण समितिको तर्फबाट

नामः ........................... पदः ............ हस्ताक्षरः .............

नामः ........................... पदः ............. हस्ताक्षरः ..............

नामः ........................... पदः ............. हस्ताक्षरः .............

स्थानीय तहको छाप

ठ) अनुगमनकर्ताकोः

नामः पदः हस्ताक्षरः मितिः

अनुसूची –५
दफा ९ २) सँग सम्बन्धित)

**कार्य सम्पन्न प्रतिवेदनको ढाँचा**

स्थानीय तहको नाम र ठेगानाः ..................................

कार्यक्रमको नामः .............................

लागत अनुमानको कुल अंक रु. ......................

काम सुरु भएको मितिः .........................

सम्पन्न गर्नुपर्ने मितिः ......................

काम सम्पन्न भएको मितिः .......................................

| **अनुदानको विवरण** | | |
|---|---|---|
| स्रोत | अनुदान रु. | खर्च रु. |
| सामाजिक विकास मन्त्रालय | | |
| अन्य | | |
| जम्मा | | |

| सि. नं. | कामको विवरण | एकाइ | लागत अनुमान बमोजिम | | | खुद खर्च भएको रकमको विवरण | | | फरक | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | परिमाण | दर | जम्मा | परिमाण | दर | जम्मा | परिमाण | दर | घटी/बढी | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |

नोटः कामको विवरण महलमा इष्टीमेटमा लेखे बमोजिमको विवरण लेख्ने फरक महलमा इष्टिमेट भन्दा बढी भएमा -) र घटी भएमा +) देखिने गरी फरक अङ्क देखाउने ।

कैफियत महलमा घटी वा बढी भएको मुख्य कारण साथै अन्य आवश्यक कुरा लेख्ने ।

इष्टिमेट भन्दा बढी खर्च भएमा त्यसको मुख्य कारण ........................ ................................... ................................... ...........................

.................... .................... ............................ ............................ ....................................

तयार पार्नेको नामः पदः हस्ताक्षरः

मितिः

पेश गर्नेको नामः पदः हस्ताक्षरः

मितिः

प्रमाणित गर्नेको नामः पदः हस्ताक्षरः

मितिः

छापः